नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :- २६

## सवारी साधन सञ्चालनमा रोक लगाइएको सम्बन्धी सूचना।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०८२, मनसुन पूर्वतयारी तथा प्रतिकार्य जिल्ला कार्ययोजना २०८३, राजमार्ग (सडक) मा हुने अवरोध हटाउने सम्बन्धी जिल्लास्तरीय कार्ययोजना २०८३, गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पूर्वसूचना एवम् जिल्ला सुरक्षा समितिको मिति २०८३।०४।०४ को निर्णयानुसार भिरालो धरातलिय भू-बनोट, कमजोर चट्टान/माटोको प्रकृति, नदी किनाराका सडकहरुको सम्भावित कटानी र जोखिमयुक्त सडक तथा मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै यस जिल्लाको वेत्रावती-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक खण्ड र पासाङ ल्हामु राजमार्ग अन्तर्गत ग्राङदेखि धुन्चेसम्मको सडक खण्डमा मिति २०८३।०४।०४ गतेबाट अर्को सूचना प्रकाशन नभए सम्मका लागि आतेजाते साँझ ०७:०० बजेदेखि बिहान ०५:०० बजेसम्म अत्यावश्यक (एम्बुलेस, दमकल, सुरक्षा निकायका सवारी साधन) बाहेकका सवारी साधन सञ्चालनमा रोक लगाइएको बेहोरा सम्बन्धित सम्पूर्ण यातायात व्यवसायी, सरोकारवाला एवम् सर्वसाधारणको जानकारीका लागि अनुरोध छ।

मिति: २०८३।०४।०४ गते, ने.सं. ११४६

(नरेन्द्र परियार)
प्रमुख जिल्ला अधिकारी